# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com


प.सं.: २०७७/०७८
च.न. १०६६

मिती : २०७७/१०/१९

**सामाजिक सुरक्षा भत्ता बितरण सम्बन्धि सम्झौता पत्रः**

सवै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत उपलब्ध गराउने नेपाल सरकारले नीति बमोजिम भूमिकास्थान नगरपालिका नुवाकोट, अर्घाखाँची र सेन्चुरी कर्मर्सियल बैंक लि. नुवाकोट अर्घाखाँची बीच भूमिकास्थान नगरपालिका वडा नं. ७ र ८ को सामाजिक सुरक्षा भत्ता बैङ्गि प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधिनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं / दियौं ।

**शर्तहरु :**

१) नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाण पत्र नम्वर सामाजिक सुरक्षा भत्ता परिचय पत्र नम्वर (एम.आई.एस. बाट आउने १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नं.) ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण बिवरण MIS प्रणालीमा विद्युतीय माध्यमबाट (FORWARD FEED) बैङ्कलाई उपलव्ध गराउने छ ।

२) बैङ्कले नगरपालिकाबाट प्राप्त बिवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोवारको बिवरण देखिने सक्ने गरि १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नम्वर बैङ्क तथा बित्तीय संस्थाको मुख्य कारोवार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३) पाँच बर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४) बैंकले लाभग्राहीको खाता खोलीसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको बिवरण बिद्युतीय माध्यमबाट नगरपालिकालाई उपलव्ध गराउनेछ ।

५) नगरपालिकाले प्रत्येक लाभग्राहीको विवरण FORWARD FEED मार्फत नाम, लक्षित समूह र पाउने रकम खलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैङ्कलाई उपलव्ध गराउनेछ ।

६) नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने बिवरण (REVERSE FEED) सहित बाँकी रकम भए सो समेत नगरपालिकालाई उपलव्ध गराउनेछ ।

७) तथ्याङ्क आदान प्रदान गर्दा सुरक्षित FORWARD FEED / REVERSE FEED जस्ता विद्युतीय माध्यमबाट मात्र गरिनेछ ।

८) कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल प्रणाली मार्फत बैङ्कलाई उपलव्ध गराइनेछ । सो जानकारी प्राप्त भएपछि बैङ्कले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी नगरपालिकामा फिर्ता पठाईनेछ ।

९) बैङ्कले निष्कृय (Dormant) खाताको बिवरण प्रत्येक श्रावण र माघ महिना भित्र नगरपालिकालाई दिनुपर्नेछ ।

लिल बहादुर रावत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

CENTURY COMMERCIAL BANK LIMITED

# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

प.सं.: २०७७/०७८
च.न. १०९६

मिती : २०७७/१०/१९

१०) बैंङ्कले प्रत्येक चौमासिकमा प्रत्येक खातावालाको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन नगरपालिकालाई दिनेछ ।उक्त खातामा जुम्मा रहेको रकम मध्ये केही वा सवै रकम रोक्का राख्न वा फिर्ता गर्न र नगरपालिकाबाट लेखी आएमा बैंङ्कले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११) ९० बर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरुको हकमा सामाजिक सुरक्षा भत्ता बितरण गर्दा बैंङ्कले नगरपालिकाको सम्बन्धित वडाका सिफारिसको आधारमा संरक्षक लाई बैंङ्कमा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंङ्क मार्फत हिसाव मिलान गरिनेछ ।

१२) दुवै पक्षको सहमतिबाट लाभग्राहीहरुलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरु गरिनेछ ।

१३) यो सम्झौता कम्तिमा तीन आर्थिक बर्षको लागि लागु हुनेछ । यो सम्झौताको समयावधि आपसी समझदारीमा थप गर्न सकिनेछ ।

१४) यस सम्झौतामा लेखिएका कुराहरु सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२०७७/१०/१९

.........................
**नगरपालिकाको तर्फबाट**
नामः लिल बहादुर राउत क्षेत्री
पदः प्रमुख प्रशासकीय अधिकृत
कार्यालयः भू.न.पा. नुवाकोट,अ.खाँ. ।

लिल वहादुर राउत क्षेत्री
**प्रमुख प्रशासकीय अधिकृत**

.........................
**बैंङ्को तर्फबाट**
नामः सुरज कंडेल
पदः शाखा प्रबन्धक
कार्यालयः सेन्चुरी कर्मसियल बैंक लि. नुवाकोट अर्घाखाँची ।

CENTURY COMMERCIAL BANK LIMITED

रोहवर
.........................
शिव वहादुर पुन
एम.आई.एस. अपरेटर
नामः शिव बहादुर पुन
पदः एम.आई.एस. अपरेटर
कार्यालयः भू.न.पा. नुवाकोट,अ.खाँ.।